आज मिति २०७८/०४/१० गते विहिबारका दिन सिन्धुली जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री सुरेश न्यौपानेज्यूको अध्यक्षतामा विभिन्न सरोकारवाला निकायहरु, संघ संस्थाहरु, निर्वाचित जनप्रतिनिधिहरु, जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरु, पार्टी प्रतिनिधिहरु लगायत देहायका माहानुभावहरुको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समिति सिन्धुलीको बैठक बसी देहाय बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| प्रमुख जिल्ला अधिकारी | - श्री सुरेश न्यौपाने | - अध्यक्ष |
| सहायक प्रमुख जिल्ला अधिकारी | - श्री ऋद्धि प्रकास सिटौला | - सदस्य |
| प्रमुख सेनानी | - श्री विजय थापा | - सदस्य |
| प्रहरी उपरीक्षक | - श्री गोविन्द थपलिया | - सदस्य |
| सशस्त्र प्रहरी नायव उपरीक्षक | - श्री नारायण प्रसाद पौडेल | - सदस्य |
| जिल्ला समन्वय अधिकारी | - श्री डिक बहादुर कार्की | - सदस्य |
| प्रमुख अनुसन्धान अधिकृत | - श्री निर्मल पौडेल | - सदस्य |
| मे.सु., सिन्धुली अस्पताल | - डा. उमेश प्रधान | - सदस्य |
| वरिष्ठ जनस्वास्थ्य अधिकृत | - श्री जितेन्द्र कुमार शाह | - सदस्य |
| सभापती, नेपाल रेडक्रस सोसाईटी, सिन्धुली | - श्री अशोक श्रेष्ठ | - सदस्य |

## विशेष आमन्त्रित

माननीय श्री प्रदिप कटुवाल, ने.क.पा. (एमाले) जिल्ला अध्यक्ष एवं प्रदेश सभा सदस्य

माननीय श्री लेखनाथ दाहाल, ने.क.पा. (माओवादी केन्द्र) जिल्ला अध्यक्ष एवं प्रदेश सभा सदस्य

माननीय श्री विनोद खड्का, प्रदेश सभा सदस्य

जिल्ला समन्वय प्रमुख श्री शंकरराज वर्मा तिवारी, जिल्ला समन्वय समिति, सिन्धुली ।

नगर प्रमुख श्री खड्ग बहादुर खत्री, कमलामाई नगरपालिका, सिन्धुली ।

श्री उज्वल बराल सभापति, नेपाली कांग्रेस

श्री दीर्घ राज श्रेष्ठ, जनता समाजबादी पार्टी, केन्द्रिय सदस्य

श्री भिष्मराज श्रेष्ठ, राष्ट्रिय प्रजातन्त्र पार्टी

अध्यक्ष श्री प्रल्हाद पोखरेल, सिन्धुली अस्पताल विकास समिति, सिन्धुली ।

श्री मेग बहादुर कार्की, उप महासचिव, उद्योग बाणिज्य संघ, सिन्धुली ।

श्री शुक्र बहादुर विसंखे, राष्ट्रिय प्रजातन्त्र पार्टी

श्री कृष्णहरि घिमिरे, अध्यक्ष, नेपाल पत्रकार महासंघ

श्री नवराज पहाडी, गैर सरकारी संस्था महासंघ

श्री बाल कुमारी श्रेष्ठ, सिड्स नेपाल

श्री ..............................., रिलिफ नेपाल

निर्णयहरु

१. मिति २०७७ साउन १ देखि मिति २०७८ असार मसान्त सम्म विपद्का कारण मृत्यु भएका, घर क्षति भएका र आगलागी पिडित परिवारलाई तपसिल बमोजिमको राहत वितरण गरिएकोमा उक्त रकमलाई समर्थन गर्ने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | विपद्को किसिम | पिडितको संख्या | वितरण गरेको राहत रकम |
|---|---|---|---|
| १ | खोलाले बगाई मृत्यु भएको मृतकका परिवारलाई राहत | २ | ४,००,०००।- |
| २ | बाढी पहिरोबाट घर क्षति भएको | १० | ८६,०००।- |
| ३ | आगलागीका कारण घर जलेको | ४७ | ३,३८,०००।- |
| जम्मा | | ५९ | ८,२४,०००।- |

२. मिति २०७८/४/३ र ४ गतेको अविरल वर्षा सँगै कमला नदीमा आएको बाढीले कमलामाई नगरपालिका वडा नं. १४ स्थित चन्दनपुरमा करिव ३०५ परिवारका बासिन्दाहरुको करिव २०७ रोपनी खेती योग्य जमिन कटान गरीएको र उक्त कटानलाई नियन्त्रण गर्न स्थानीय करिव ३०० जनाको निवेदन सहित माग भई आएकोले तटबन्ध निर्माण गरिदिन तथा बाढी नियन्त्रण कार्यको लागि कमला नदी व्यवस्थापन आयोजना, जनकपुरधाम, धनुषालाई अनुरोध गर्ने ।

३. दुधौली नगरपालिका वडा नं. ५ सिथौंली, दुधौली नगरपालिका वडा नं. १० कोगटी र दुधौली नगरपालिका वडा नं. ११ को निमाने खहरे नियन्त्रणको लागि तटबन्ध निर्माण गरिदिन कमला नदी व्यवस्थापन आयोजनालाई अनुरोध गर्ने ।